# सिस्ने गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः ६ मितिः २०८१/०१ /३०

# भाग-२

## विपन्न वर्गको लागि आर्थिक सहायता कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा ४२ को समानताको हक सम्बन्धि व्यवस्थाको उपधारा (२) मा आर्थिक रुपले विपन्न तथा लोपोन्मुख समुदायको नागरिकको संरक्षण उत्थान र विकासका लागि शिक्षा,स्वास्थ्य,आवास,रोजगारी,खाधान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ भन्ने उल्लेख छ ।

स्थानिय सरकार सन्चालन ऐन, २०७४ को परिच्छेद ३ को पालिकाको काम कर्तव्य र अधिकार क्षेत्र भित्र सामाजिक सुरक्षा र गरिबी न्युनिकरण अन्तर्गत स्थानिय सामाजिक सुरक्षा योजना र व्यवस्थापन गर्न सक्ने उल्लेख गरिएकाले आर्थिक रुपले विपन्नता भएका परिवारको पालन पोषण,व्यवस्थापन गर्न सक्ने उल्लेख गरिएकाले आर्थिक सहायता स्वरुप सहयोग उपलव्ध गराउन आवस्यक भयकाले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम सिस्ने गाउँपालिकाको मिति २०८०/१२/ २५ गतेको निर्णयबाट यो विपन्न वर्ग आर्थिक सहायता कार्यविधि २०८० जारि गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक (नाम र परिभषा)

**१· संक्षिप्त नाम र प्रारम्भः**

१. यस कार्यबिधिको नाम 'सिस्ने गाउँपालिका विपन्न वर्ग आर्थिक सहायता कार्यबिधि २०८१' रहेको छ ।

२. यो कार्यबिधि सिस्ने गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भयको मिति देखि लागु हुने छ ।

**२· परिभाषाः विषय प्रसङ्गले अर्को अर्थ नलागेमा ,**

१. आर्थिक रुपले बिपन्न भन्नाले दैनिक जिवन यापन गर्न कठिनाई भयका आर्थिक रुपले विपन्न परिवार वा व्यक्ति सम्झनु पर्छ ।

२. जोखिममा परेका महिला,बालबालिका,अपांगता भयका व्यक्ति,असाहाय ज्येष्ठ नागरिक,एकल महिला,हिंसा पिडीत तथा प्रभावित ब्यक्ति,मानब बेचबिखन

तथा ओसारपसारबाट प्रभावित भएका व्यक्ति,यौन दुर्व्यबहार र शोषणमा परेका,सडक जिवन जिउन बाध्य भयका वा दैनिक जिवनयापनका लागि व्यवसाय स्थापनार्थ रकम अभाव भै आर्थिक सहायता आवश्यक भयका व्यक्ति सम्झनु पर्छ ।

३. 'विपन्न परिवार'भन्नाले  नेपाल सरकारको प्रचलित कानुन र निती अनुसार विपन्न परिवारमा नियका परिवार वा व्यक्ति सम्झनुपर्छ र सो शब्दले गाउँपालिकाको सम्बन्धित वडा समितिले विपन्न परिवार वा व्यक्तिलाई समेत जनाउदछ ।

४. "वडा समिति" भन्नाले सिस्ने गाउँपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष,वडा सदस्य,महिला सदस्य र दलित महिला सदस्य सहितको समितिलाई जनाउछ ।

५. कार्यालय भन्नाले 'सिस्ने गाउँपालिका  गाउँकार्यपालिकाको कार्यालय सिस्ने रुकुम पूर्व' लाई जनाउँदछ ।

# परिच्छेद २ उदेश्य,

# औचित्य र लक्षित वर्ग

**३. उदेश्यः** गाउँपालिका भित्र जोखिम अवस्थामा रहेका,विशेष स्वास्थ्य,सुरक्षा र संरक्षक आवश्यकता भयका विपन्न परिवार एवम् व्यक्तिको सहज जिवनयापन गर्नमा सहयोगि भुमिका प्रदान गर्न।

## ४. औचित्यः

१. मानव अधिकारको संरक्षण गर्न
२. गाउँपालिका प्रति नागरिकको अपनत्वको भाव सिर्जना गर्ने ।
३. विपन्न तथा कमजोर वर्ग र आवाज विहिनहरुकालागि अभिभावकीय भुमिका रहेको महसुस गराउन ।

## ५. लक्षित वर्गः

१. विशेष संरक्षणको आवश्यकता भएका ।
२. जोखिममा परेका ।
३. आर्थिक रुपले विपन्न परिवार ।
४. मानविय कारण बाट पिडित तथा प्रभावित ।
५. दुर्घटना तथा चोटपटक बाट गम्भिर घाईते भएका ।

६. निधन पश्चात दाहासंकार लगायतका खर्च जुटाउन नसकेका परिवारका सदस्यहरुलाई ।

## परिच्छेदः ३

## आर्थिक सहायता सहयोगको व्यबस्था,उपलब्ध गराउने आधार सिमा र सिफारिस ,

६. गाँउपालिकाले प्रत्येक आर्थिक वर्ष विनियोजित स्विकृत वार्षिक कार्यक्रम तथा अन्य स्रोतवाट प्राप्त रकमवाट आर्थिक सहायता सहयोग रकमको व्यवस्था गरिनेछ ।

७. आर्थिक सहायता उपलव्ध गराउने आधारहरु र सिमा ;- यस कार्यविधि बमोजिम तोकियको लक्षित वर्गलाई मात्र देहाय बमोजिमको आर्थिक सहायता मध्ये कुनै एक आर्थिक सहायता देहायको आधारमा र सिमा भित्र रहि उपलब्ध गराईने छ ।

(क) गम्भिर प्रकृतिको रोग वा घातक रोग,दुर्घटना तथा अन्य चोटपटक वाट गम्भिर घाईते भयका,गम्भीर शारिरीक वा मानसिक समस्या वा गम्भिर अपाङ्गता भएकै कारण जिवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचार व्यवस्था हुन नसकेका परिवारका सदस्य हरुलाई बढिमा २५०००।- रुपैया सम्म ।

(ख) अनाथ,असहाय,असक्त बालबालिका वा बाबुआमालाई गम्भिर शारिरिक वा मानसिक समस्या भयका,अपांगता वा अशक्तता भयको कारण उचित हेरचाह नपायका बालबालिकाको पालन पोषण,हेरचाह शिक्षा तथा संरक्षण सहयोग १००००।- सम्म ।

(ग) अन्य आर्थिक सहायता समितीले तोकेबमोजिम हुनेछ

**८. आवस्यक हुने सिफारिस ;-**

1. सम्बन्धित वडा समितिको वैठकवाट आर्थिक रुपले विपन्न भएको भन्ने सिफारिस पत्र ।
2. गम्भिर रोगका कारण उपचार बिरामिको हकमा सम्वन्धित अस्पतालमा उपचार गराएको रोग खुल्ने प्रमाण पत्र ।
3. गरिब परिवार परिचय पत्र ।

## परिच्छेद - ४

## आर्थिक सहायता पुरा गर्न आवश्यक कागजात विधि र प्रक्रिया

**९. निवेदन दिनुपर्नेः-** यस कार्यविधि बमोजिम आर्थिक सहायता सहयोग प्राप्त गर्न अनुसुचि १ मा उल्लेखित निवेदन सम्वन्धित व्यक्ति स्वयम वा बाबुआमा वा संरक्षकले लिखित रुपमा गाउपालिका वा वडा कार्यालयमा दिनु पर्नेछ ।

**१०· आवश्यक कागजात संकलन गर्नुपर्नेः-**

(क) सम्बन्धित वडा समितिको बैठकवाट आर्थिक रुपले विपन्न भएको भन्ने सिफारिस पत्र ।

(ख) निवेदक को नागरिकता प्रमाणपत्र को प्रतिलिपि बालबालिका को हकमा जन्मदर्ता प्रमाणपत्र

(ग) सिस्ने गाउँपालिकाको स्थाई बसोबास खुलेको कागजात ।

(घ) गम्भिर रोगका कारण उपचार विरामिको हकमा सम्वन्धित अस्पतालमा उपचार गराएको रोग खुल्ने प्रमाण पत्र।

**११· आर्थिक सहायता उपलव्ध गराउन सकिनेः-**

१· अनुसुचि १ बमोजिम प्राप्त निवेदन र दफा १० बमोजिम संग्लग्न कागजात हरु सहित वडा कार्यालय बाट सिफारिस भै आएका निवेदन का आधारमा सहायता रकम उपलव्ध गराउने सम्वन्धमा गाउँपालिका स्तरिय समितिको निर्णय वाट गराउन सकिन्छ ।

२· गाउँपालिका स्तरिय सहायता समितिमा देहाय बमोजिम हुनेछन ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |

(ग) प्रमुख प्रशासकिय अधिकृत — सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

(ङ) आर्थिक प्रशासन साखा प्रमुख — सदस्य

(च) सामाजिक विकास समितिका संयोजक — सदस्य

## १२. आर्थिक सहायता उपलब्ध गराउन नसकिने

यस कार्यविधि बमोजिमको सहायता सहयोग सिस्ने गाउँपालिका भित्र स्थाई बसोबास नभएका व्यक्ति वा परिवारलाई उपलव्ध गराउन नसकिने, तर कुनै गम्भिर प्रकृतिको रोग वा आकस्मिक चोटपटक लाग्र गै तत्काल उपचार खर्च नभई सहयोगको लागि अनुरोध गरेको अवस्थामा आवस्यक्ता जाँचबुझ बाट ठहर भयका व्यक्ति,सडक बालिका,सडक बेसाहारा जिवन गुजारा गरिरहेका व्यक्ति र विगत ५ बर्ष देखि सिस्ने गाउँपालिका भित्र बसोबास गर्दै आयका परिवारका सदस्यलाई तोकियको मापदन्डको सिमा भित्र रहि कार्यपालिकाको निर्णय वमोजिम आपत्कालिन सहयोग उपलब्ध गराउन वाधा परेको मानिने छैन ।

## १३. समितिको वैठक र निर्णय

१. समिति बैठकको आवस्यकता अनुसार वस्ने छ ।

२. समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा वस्ने छ ।

३. समितिको कुल सदस्य संख्याको ५०% सदस्य भन्दा बढि सदस्य उपस्थित भयमा समितिको वैठकको गणपुरक संख्या पुगेको मानिनेछ ।

४. समितिको वैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितमा उपस्थीत सदस्यहरु मध्यबाट छानेको सदस्यले गर्नेछ ।

५. समितिको वैठकमा बहुमतको राय मान्ने हुनेछ मत वरावर भयमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णय मत दिने छन ।

६. समितिको निर्णय समितिको सदस्य सचिवले प्रमानित गरि राख्ने छ ।

## १४. प्रतिवेदन पेश गर्ने

१. समितिले आफुले गरेको कार्यको त्रैमासिक रुपमा तथा बार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भयको तिन महिनाभीत्र गाउँ कार्यपालिकामा पेश गर्नुपर्ने ।

२. उपदफा (१) बमोजिम समितिले पेश गरेको वार्षिक प्रतिवेदन गाँउ कार्यपालिकाले सार्वजनिक गर्न सक्नेछ ।

**१५. समितिको वैठक र निर्णयः-** संयोजक र सदस्यहरुले समितिको वैठकमा भाग लिय वाफत गाउँपालिकाको नियम अनुसार बैठक भत्ता प्राप्त गर्ने छन्।

**१६. निर्देशन दिन सक्नेः-** गाउँ कार्यपालिकाले समितिको काम कारवाहिको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ । उपदफा १ वमोजिम गाउँ कार्यपालिकाले दियको निर्देशन पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

**१७. समितिको वैठक र निर्णयः-** यस कार्यबिधिमा उल्लेख भयका कुराहरु यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१८. बाधा अड्काउ फुकाउन सक्नेः-** यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ परेमा गाउँ कार्यपालिकाको बैठकले फुकाउन सक्ने छ ।

अनुसुचि - १

## निवेदनको ढाँचा

मितिः

श्री सिस्ने गाउँपालिकाको कार्यालय,

सिस्ने गाउँपालिका रुकुम पुर्व ,

विषयः- आर्थिक सहायता सहयोग उपलव्ध गरिपाऊँ ।

महोदय,

लुम्विनि प्रदेश रुकुम पुर्व जिल्ला सिस्ने गा.पा वडा न..................स्थाई वसोवास गर्ने श्री ..................को .............. (छोरा,छोरि,बाबु,आमा,नाति,

नातिनि,श्रिमान,श्रिमति) श्रि .........................अनाथ,असहाय,असक्त,विपन्न परिवारको ..........................भयकोले आवस्यक कागजात सहित संलग्न राखि ............................ रोगको उपचार गर्नु पर्ने भयकोले आर्थिक राहात सहयोग उपलव्ध गराईदिनुहहुन अनुरोध छ । चालु आर्थिक बर्षमा यस उल्लेखीत कार्य प्रयोजनका लागि कुनै निकाय वा संस्था वाट सहयोग प्राप्त भयको छैन / वा .......................................................... निकाय वाट .........................सहयोग प्राप्त गरेको भयपनि अपुग हुन गयको व्यहोरा अनुरोध गर्दछु ।

निवेदक;- ......................................

दस्तखतः- ......................................

ठेगानाः ......................................

सम्पर्क नः ......................................